# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**चौथो पटक प्रकाशित मिति: २०८३/०५/०२**

तातोपानी गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना द्वारा सञ्चालित बाईराका लिफ्ट खानेपानी तथा सरसफाई योजनाका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम लिफ्ट योजना निर्माणमा प्रयोग हुने विद्युतिय तथा इलेक्ट्रो–मेकानिकल सामग्रीहरू (पम्प, कन्ट्रोलर, तार, फिटिङ्ग्स आदि) खरिद, जडान तथा Commissioning & Testing गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य आपूर्तिकर्ता/कम्पनी/फर्महरूबाट प्रस्ताव पेश गर्नका लागि खरिद समितिले खुला आह्वान गर्दछ। तसर्थ, निम्न सर्तहरू अन्तर्गत रहि दरभाउपत्र फाराममा प्रदान गरिएको परिमाण तथा तोकिएको स्पेसिफिकेशन, गुणस्तर र तौल अनुसार सामग्री आपूर्ति गर्न इच्छुक भ्याटमा दर्ता भएका तथा सम्बन्धित क्षेत्रमा कार्य अनुभव प्राप्त सप्लायर वा कम्पनी वा फर्महरूबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:**

- **इच्छुक** विभिन्न आवश्यक सोलार, विद्युतिय तथा इलेक्ट्रो–मेकानिकल सामग्रीहरू (पम्प, सोलार प्यानल, कन्ट्रोलर, तार, फिटिङ्ग्स आदि) खरिद तथा जडान कार्य सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित तातोपानी गाउँपालिकाको कार्यालय, लिताकोट, जुम्लाबाट वा लक परियोजनाको आधिकारिक वेब-साइट www.laccp.org.np वा गाउँपालिकाको आधिकारिक वेब-साइट **www.tatopanimun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

- शिलबन्दी दरभाउपत्र पेश गर्दा तोकिएको फारम र विभिन्न आवश्यक विद्युतिय तथा इलेक्ट्रो–मेकानिकल सामग्रीहरू (पम्प, कन्ट्रोलर, तार, फिटिङ्ग्स आदि) खरिद तथा जडान कार्य सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु. ३००० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) तातोपानी गाउँपालिकाको नाममा रहेको ग्लोबल आईएमई, बैंक तातोपानी शाखाको राजस्व खाता न. २६३०४०१००००१० (आन्तरिक राजस्व खाता) मा LLRP बाट जम्मा गरेको सक्कलै भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फारम वा कम्पनी वा सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, यस् आ.व. को कर चुक्ताको प्रमाणपत्र तथा कार्य अनुभवको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं)-(२०८३/०५/१७) दिनको दिउसो १२:०० बजे भित्र कार्यालय समय भित्र सम्बन्धित गाउँपालिका कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर, सुर्खेत वा विकास व्यवस्थापन सस्था (DMI Pvt. Ltd) प्रा.लि. नुम्से मार्ग, शान्तिनगर-११, काठमान्डौमा पेश गरि सक्नु पर्नेछ। यी फारमहरू यो सूचना प्रकाशित भएको मितिबाट १५ औं दिनको कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ। दरभाउपत्र फाराम शिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र विधुतिय र इलेक्ट्रो मेकानिकल सामग्रीहरु (पम्प, कन्ट्रोलर, तार, फिटीङ्गस्, आदि) सप्लाई तथा जडान सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

- सिलवन्दी दरभाउ पत्र पेश गर्दा
  - सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ ।
  - हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

- सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाम बाइराकामा ढुवानी तथा जडानभै प्राविधिक चेकजाँच भएपछि सम्झौता बमोजिम मात्र हुनेछ । यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैक जमानतको आवश्यकता पर्ने छैन।

- उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं (२०८३/०५/२२) दिन तातोपानी गाउँपालिका, लिताकोट, जुम्ला कार्यालयमा दिउसो ११:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्र दाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

- दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

CamScanner

- दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ। साथै दरभाउपत्रको सबै पेजमा हस्ताक्षर गरि छाप लगाउनु पर्नेछ।
- दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्नु हुँदैन।
- म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।
- दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ।
- अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ। थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ।
- यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटीमा जानकारी गरिनेछ।
- थप आवश्यक जानकारीहरु सम्बन्धित योजनाहरुको कोटेशन फारम तथा स्पेसीफिकेशनमा उल्लेख गरिएको छ।
- अन्य थप जानकारी चाहिएमा तातोपानी गाउँपालिका वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना क्लस्टर प्राविधिक सहयोग एकाई, मान्मा, कालिकोट मा सम्पर्क गर्न सकिनेछ।

**खरिद समिति**

**बाईराका लिफ्ट खानेपानी तथा सरसफाई योजना, तातोपानी गाउँपालिका, वडा न. १ , जुम्ला**

CS CamScanner